# H.S.L.C. Examination 2013

Sub : MIL (Nepali)

Full Marks : 100 Time : 3 hours

## (क अंश)

१. उत्तर लेख :

मादलले आज नेपाली लोक-संस्कृतिलाई साधारण ग्राम्य जीवन र रोदीघरको घेरोबाट बाहिर निकाली, राष्ट्रिय स्तरका मञ्चहरूमा पनि प्रतिनिधित्व गर्न पुगेको छ। - आशय स्पष्ट गर। ४

२. कथाकारेले एम. के लाई 'कस्तो मानिस' किन भन्नु परेको हो? - छोटकरीमा लेख। ३

३. सप्रसङ्ग व्याख्या गर (कुनै एकको) ५

क) "नौलाख तारा टाढा हुनाले तारा छन्
रामे, चामे, हर्के, वीर झटारा छन्।"

ख) "पासो लागेर मरूँ भने पाप लाग्छ भन्दन्, उस जुनीको कमाइ भोगिरहेछु प्रभु।"

४. खत्रिनी बुढीले गङ्गाको पोल्टाबाट के फेला पारिन्? २





५. प्रदीपले किन गाजली गाई बेच्न खोजेको हो? २

६. 'चरित्रवान् व्यक्तिले नै सामाजिक र राष्ट्रिय विकास गर्न सक्छ।' यो भनाइ कसको हो? २

७. शेरमान थापाका दुइवटा साहित्यिक कृतिका नाउँ लेख। २

८. जलातङ्क रोग कसरी लाग्छ? २

९. हनुमानको लङ्का प्रवेश कविता रामायणको कुन काण्डबाट लिइएको हो? १

१०. "अषेश आव्रह्म पिपीलिका-तक,
शरीर एकै उही पञ्च-भौतिक। भाव स्पष्ट गर।" २

११. कपटका परिणाम के के हुन्? २

१२. मानिसलाई वृद्धावस्थामा किन पछुतो हुन्छ? २

१३. "फेरि म सँगसँगै हिड्दा हुन्।" 'एउटा एकान्त पल'कवितामा कविसँग को सँगसँगै हिडेका हुन्? २

१४. संक्षिप्त उत्तर लेख : १x१३=१३

क) 'के गर्नु प्रभु, पापिनीले दूध चुस्ता चुस्तैको पिउसो छोडेर गै' यो भनाइ कसको हो?

ख) खँड्का बुढा गाजली गाईको गोबर कहाँ फ्याँक्थे?

ग) संस्कृति भनेको के हो?

घ) 'नश्वर' शब्दको अर्थ के हो?

ङ) एउटा सरूवा रोगको नाम लेख।

च) 'भाइरस् के हो' पाठको लेखक को हुन्?

छ) गजेन्द्र कसको छोरो हो?

ज) लङ्कामा सीता कुन रूखमुनि बसेकी थिइन्?

झ) 'किरीटि' भनेको को हो?

ञ) धरणीधर कोइरालाको जन्म कहिले भएको थियो?

ट) आयु कसरी चुहिन्छ?

ठ) 'लोभको भाँडो कहिल्यै भरिँदैन फुपू' यो कसको कथन हो?

ड) 'नयाँ वर्ष' कविता कुन कृतिबाट लिइएको हो?

१५. सुगौली सन्धि कहिले र ककसका बीचमा भएको थियो? २

१६. उखानहरू हाम्रा भाषाका के हुन्? २

१७. कल्याणी को हुन्? उनी कहाँ पढ्छिन्? २

१८. 'नौसय एघार' के हो? १

१९. "हा-हु गर्नु, अघि नसर्नू।" यो उखानको भाव स्पष्ट गर। २

२०. भाषाको नाता कस्तो हुन्छ? १

२१. केलाई समास भनिन्छ? यी कति प्रकारका छन्? उदाहरण सहित लेख। ६

२२. लिङ्ग परिवर्तन गर - (कुनै दुई) २

(क) गायक (ख) माली (ग) राजा

२३. वचन परिवर्तन गर - (कुनै दुई) २

(क) हामी (ख) साधु (ग) देवता





२४. सन्धि भनेको के हो? यी कति प्रकारका छन्? २

२५. वर्तमान कालका दुइटाभेद उदाहरण सहित लेख। २

२६. समापिका क्रिया कसलाई भनिन्छ? एउटा उदाहरण देऊ। २

२७. उपसर्गको प्रयोग गरी दुइटा वाक्य वनाऊ। २

२८. सरल वाक्यामा लेख। २

क) जो विद्वान् छन् तिनको सम्मान सबै गर्दछन्।

ख) गान्धीजी, जसलाई राष्ट्रपिता भन्दछन्, शक्तिशाली थिए।

२९. वाच्य परिवर्तन गर। २

क) मैले भात खाएँ।

ख) आज हामीद्वारा हाँसियो।

३०. 'हुने बिरुवाको चिल्लो पात।' भाव विस्तार गर। ४

३१. अर्थ लेखेर वाक्य बनाऊ। (दुईको) २x२=४

क) आँखा खोल्नु (ख) ठाडो घाटी लाउनु (ग) मुख लाग्नु।

३२. यथास्थानमा विराम चिह्नको प्रयोग गर। २x२=४

क) सम भन्दछन् ज्ञान मर्दछ हाँसेर रोई विज्ञान मर्दछ

ख) रामले मलाई सोधे बुवा घरमा हुनुहुन्छ

३३. सार शब्द लेख ३

क) जसले ईश्वर मान्छ-

ख) तीन नदीहरूको संगमस्थल-

ग) पिउन योग्य -

३४. निम्नलिखित कुनै एक विषयमा निवन्ध लेख।   १०

क) विद्यार्थी जीवन।

ख) वडा दसौं।

ग) समाचार पत्र।

घ) तिमीलाई मन परेको किताब।





**BLUEPRINT**

SUBJECT : NEPALI — CLASS : X (H.S.L.C)

UNIT PAPER :____________ — MAXIMUM MARKS : 100 — TIME : THREE HOURS

| SL. NO | OBJECTIVES | KNOWLEDGE | | | | COMPREHENSION | | | | EXPRIESION | | | | SKILL | | TOTAL |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Units/Sub units / Form of Question | E/LA | SA | VSA | O | E/LA | SA | VSA | O | E/LA | SA | VSA | O | E/LA | SA | |
| 1 | अभागी | | 2(1) | | | | | | | | | 1(1) | | | | 3(2) |
| 2 | कस्तो मानिस | 4(1) | | | | | | | | | | | | | | 4(1) |
| 3 | गाजली गाई | | 2(1) | | | | | | | | | 1(1) | | | | 3(2) |
| 4 | नेपाली संस्कृतिमा.. | | | | | 3(1) | | 1(1) | | | | | | | | 4(2) |
| 5 | मणिसिंह गुरूङ | | | | | | 2(1) | 1(1) | | | | | | | | 3(2) |
| 6 | भाइरस के हो | | 2(1) | 1(1) | | | | | | | | 1(1) | | | | 4(3) |
| 7 | गौथलीको निसाफ | | 2(1) | 1(1) | | | | | | | | 1(1) | | | | 4(3) |
| 8 | हनुमानको लड्का प्रविश | | 2(1) | 1(1) | | | | | | | | | | | | 3(2) |
| 9 | बुदिध विनोय प्रश्न | | | | | | 2(1) | 1(1) | | | | | | | | 3(2) |
| 10 | जाग जाग | | | | | | 2(1) | 1(1) | | | | | | | | 3(2) |
| 11 | देखे | | | | | | 2(1) | 1(1) | | | | | | | | 3(2) |
| 12 | आकारोइा तारा | | | | | | | | | 5(1) | | | | | | 5(1) |